"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बूढानीलकण्ठ"

फोन नं. ०१-४३७२७२५

# बूढानीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोल्फुटार, काठमाडौं
## ३ नं प्रदेश, नेपाल

## सूचना ! सूचना ! सूचना !

यस बूढानीलकण्ठ नगरपालिकाको न्युरो अस्पताल, बाँसबारी नजिकै (काठमाडौं महानगरपालिका सिमाना अन्त्य भई बूढानीलकण्ठ नगरपालिका प्रवेश हुने स्थान) मा नगर प्रवेशद्वार निर्माण गर्ने योजना रहेकोले उक्त स्थानमा के कस्तो पूर्वाधार र कलात्मक किसिमको प्रवेशद्वार निर्माण गर्न सकिन्छ त्यस सम्बन्धमा इच्छुक सबै नेपाल इन्जिनियरिङ काउन्सिलमा दर्तावाला डिजाइनर (व्यक्ति, फर्म वा कम्पनी) ले Concept Paper सहितको आवश्यक Architectural Drawing, Design साथै प्रारम्भिक लागत अनुमान यस नगरपालिकाको कार्यालयमा आजका मितिले १५ (पन्ध्र) दिनभित्र दर्ता गर्नहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । त्यस प्रकार प्राप्त हुन आएका निवेदनहरु नगरपालिकालाई उपयुक्त लागि छनौट भएमा रु २५,००० (अक्षेरुपी रु पच्चीस हजार रुपैया मात्र) कर बाहेक, प्रदान गरिनुका साथै उपयुक्त स्थानमा छनौट हुने व्यक्ति, फर्म वा कम्पनीको नाम नगर प्रवेशद्वारमा उल्लेख गरिनेछ । प्रवेशद्वारको डिजाइनका लागि स्टिल, Reinforced Concrete Cement, काठ वा मिश्रीत जुनसुकै वस्तुको प्रयोग गर्न सकिनेछ । आवश्यकता परेमा Site Visit गराउन सकिने छ । प्रवेशद्वार सम्बन्धी थप सन्दर्भका शर्तहरु (Terms of Reference)का लागि यस नगरपालिकाको Website : budhanilkanthamun.gov.np मा राखिएको छ ।

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाडौं
३ नं. प्रदेश, नेपाल
२०७३

**Terms of Reference :**

- प्रवेशद्वारको ढाँचामा बूढानीलकण्ठ नगरपालिकाको सामाजिक, आर्थिक, संस्कृतिक, धार्मिक एवं पुरातात्विक अवस्था झल्काउनु पर्ने |
- यस नगरपालिकाको परिदृश्य "स्वच्छ, शान्त र सम्बृद्ध पर्यटकीय नगर बूढानीलकण्ठ " रहेकोले उक्त परिदृश्यको लागि सहायक सिद्ध हुनुपर्ने |
- लागत रकम ४० देखि ८० लाख हुने गरी ढाँचा तयार गर्नेपर्ने तर आवश्यकता अनुसार उपयुक्त लागेमा थप गर्न सकिने |
- सडकको क्षेत्राधिकार २२ मिटर रहेकोले प्रचलित मापदण्ड अनुसार ढाँचा तयार गर्नुपर्ने |
- बढ्दो सवारी चापलाई ध्यानमा राखी सवारी दुर्घटना संहिता अनुशरण हुने गरी ढाँचा तयार गर्नुपर्ने |
- नगर गेटको संरचना हलुका, बलियो, जोखिम न्यूनीकरण, कलात्मक र मितव्ययीलाई ध्यान दिई तयार हुनुपर्ने छ |

बैकुण्ठ प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत